अनुसूची-१

(दफा १९ सँग सम्बन्धित)

**बीमा अभिकर्ताको आचार संहिता**

बीमा ऐन, २०७९ को दफा ९३ को उपदफा (९) बमोजिम बीमा अभिकर्ताले पालना गर्नु पर्ने आचार संहिता देहाय बमोजिम हुनेछः-

१. बीमा अभिकर्ताले पालना गर्नुपर्ने कुराहरुः-

(क) इजाजतपत्रको प्रदर्शन र आधिकारिकताः बीमा अभिकर्ताले प्राधिकरणबाट प्राप्त आफ्नो इजाजतपत्र सधैं साथमा राख्नुपर्नेछ र ग्राहकले चाहेमा वा बीमा व्यवसाय सुरु गर्नु अघि अनिवार्य रूपमा त्यस्तो इजाजतपत्र देखाउनु पर्नेछ।

(ख) बीमक र स्वार्थको खुलासाः अभिकर्ताले आफूले प्रतिनिधित्व गरेको बीमकको यथार्थ विवरण जानकारी गराउनु पर्नेछ र बीमा सिफारिस गर्दा आफ्नो कुनै व्यक्तिगत वा वित्तीय स्वार्थ भएमा सोको समेत पूर्व जानकारी गराउनुपर्नेछ।

(ग) तथ्यपरक परामर्श र पूर्ण जानकारीः ग्राहकलाई बीमालेखमा उल्लेखित सम्पूर्ण सर्त, सुविधा, सीमा, अपवाद र दाबी प्रक्रियाका बारेमा बुझ्ने भाषामा पूर्ण जानकारी गराउनुपर्नेछ।

(घ) कागजात संकलन र बीमक समक्ष पेशः प्रस्ताव फाराममा खुलाउनु पर्ने सम्पूर्ण विवरणहरू खुलाउन लगाई, ग्राहकको पेशा, आयस्रोत र जोखिमाङ्कनका लागि आवश्यक विवरण/कागजातहरू बीमितबाट प्राप्त गरी बीमक समक्ष पेश गर्नुपर्नेछ।

(ङ) फाराम भराउने र प्रमाणीकरणः बीमा प्रस्ताव तथा स्वास्थ्य सम्बन्धी विवरण फाराम प्रस्तावक स्वयंबाट भराउनु पर्नेछ। प्रस्तावक निरक्षर वा असमर्थ भएमा निजले विश्वास गरेको व्यक्तिबाट भराई सोको जानकारी बीमकको प्रणालीमा प्रविष्ट गरी प्रस्तावकलाई समेत सोको पुष्टी गराउनुपर्नेछ।

(च) व्यावसायिक सेवा र दाबीमा सहयोगः निर्दिष्ट समयमा बीमाशुल्क बुझाउन, बीमालेख नवीकरण गर्न, इच्छाइएको व्यक्ति परिवर्तन गर्न, बीमालेख धितो राखी ऋण लिन तथा बीमितको दाबी भुक्तानी प्रक्रियामा सक्रिय समन्वय र सहयोग गर्नुपर्नेछ।

(छ) निर्णयको जानकारीः ग्राहकको बीमा प्रस्ताव स्वीकृत वा अस्वीकृत भएको बारेमा बीमकले गरेको निर्णय अविलम्ब जानकारी गराउनुपर्नेछ।

(ज) उपयुक्तता परीक्षणः बीमालेख सिफारिस गर्नुअघि बीमितको जोखिमको प्रकृति र वित्तीय क्षमताको लिखित वा मौखिक विश्लेषण गरी सोही आधारमा मात्र उपयुक्त बीमालेख प्रस्ताव गर्नुपर्नेछ।

नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

२. बीमा अभिकर्ताले गर्न नहुने कुराहरुः-

(क) अस्वस्थ प्रतिस्पर्धा तथा प्रलोभनः बीमा बजारमा कुनै अस्वस्थ प्रतिस्पर्धा गर्न, अन्य बीमा अभिकर्ताको व्यवसायमा अनावश्यक दखल पुऱ्याउन वा बीमितलाई बीमालेख खरिद गर्न प्रोत्साहित गर्ने उद्देश्यले कमिसन फिर्ता दिने, उपहार दिने वा पोलिसी बाहिरका कुनै पनि गैर-कानूनी प्रलोभन देखाउन वा सोको कबोल गर्न।

(ख) बिना इजाजत व्यवसायः बीमा अभिकर्ताको इजाजतपत्र प्राप्त नगरी वा इजाजतपत्र नवीकरण नगरी बीमालेख बिक्री गर्न।

(ग) गोपनीयता र सूचनाको इमानदारिताः ग्राहकको बारेमा आफूलाई जानकारी भएको विवरणहरू सम्बन्धित बीमक बाहेकका अन्य व्यक्ति वा संस्था सामु प्रकट गर्न वा बीमितको स्वस्थ अवस्था, उपचारको अभिलेख, उमेर, आयस्रोत तथा कागजात विवरणहरू ढाँटी वा लुकाई बीमा गर्न।

(घ) दुर्व्यवहार तथा करकापः ग्राहकप्रति दुर्व्यवहार गर्न, अनावश्यक करकाप गर्न वा बीमितको इच्छा विपरित अनावश्यक रूपमा बीमालेख परिवर्तन गर्न प्रोत्साहन गर्न।

(ङ) अनुचित आर्थिक लाभः बीमालेख बापत प्राप्त हुने रकमको कुनै पनि अंश बीमित वा बीमितको हकवालाबाट लिन वा बीमा प्रस्ताव स्वीकृत नभएसम्म बीमाशुल्क वापतको रकम बुझिलिन।

(च) दोहोरो भूमिका र स्वार्थको द्वन्द्वः बीमा अभिकर्ता कुनै बीमकको तलवी कर्मचारी, परामर्शदाता, सर्भेयर, सल्लाहकार वा लेखापरीक्षक भई काम गर्न।

(छ) दर र सर्तको उल्लंघनः निर्धारित बीमादर उल्लंघन गरी व्यवसाय हात पार्न वा बीमालेखको अन्तिम बीमाशुल्क निर्धारण गर्न र बीमाको सेवा सर्तहरू आफैले तोक्न।

(ज) भ्रामक प्रचारप्रसारः आफू बीमा अभिकर्ता नभएको कुनै पनि बीमकको बारेमा वा आफूले प्रतिनिधित्व गर्ने बीमकको क्षमताको बारेमा गलत वा अतिरञ्जित प्रचार प्रसार गर्न।

(झ) जालसाजी र किर्तेः बीमक, बीमित वा अन्य पक्षसँग मिली वा नमिली बीमा सम्बन्धी कुनै जालसाजी वा किर्ते गरी, वा गलत विवरण वा कागजात तयार गरी बीमा गर्ने, दाबी प्राप्त गर्ने वा बीमक वा बीमितको हित विपरीत कार्य गर्न।

(ञ) स्वामित्व र सञ्चालनमा बन्देजः कुनै बीमकको बीमा अभिकर्ता भई कार्यरत व्यक्ति वा संस्था वा सो संस्थाका सञ्चालक वा निजको एकाघर परिवारको सदस्यले सम्बन्धित बीमकको संस्थापक वा सञ्चालक हुन वा आधारभूत शेयर स्वामित्व धारण गर्न।

(ट) कानुनको उल्लंघनः आफ्नो पेशागत व्यवसाय सञ्चालन गर्दा प्रचलित बीमा कानुन, भ्रष्टचार निवारण ऐन, सम्पत्ति शुद्धीकरण निवारण ऐन वा अन्य प्रचलित कानुन उल्लंघन हुने गरी कार्य गर्न।